# चिशंखुगढी गाउँपालिका

## गाउँसभाको बैठकमा गाउँपालिकाका उपाध्यक्ष श्री सन्तोष बाबु थापा ज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्य

**२०८० साल असाढ १० गते आइतबार**

निशान्त शर्मा
अध्यक्ष

## चिशंखुगढी गाउँपालिकाको आ.व. २०८०।०८१ को बजेट वक्तव्य

**गाउँसभाको बैठकमा गाउँपालिकाका उपाध्यक्ष श्री सन्तोष बाबु थापा ज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्य :**

चिशंखुगढी गाउँपालिकाको तेह्रौं गाउँसभा उद्घाटन समारोहका सभाध्यक्ष ज्यू,
संविधानसभा सदस्यज्यूहरु, जिल्ला समन्वय समितिका सदस्य ज्यू,
प्रमुख प्रशासकीय अधिकृत एवम् गाउँसभाकका सदस्य ज्यूहरू,
सम्पूर्ण कर्मचारी मित्रहरू,
सुरक्षाकर्मी तथा पत्रकार साथीहरू, एवम् उपस्थित महानुभावहरू।

१. देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन पद्धति कार्यान्वयनमा रहेको छ। अहिले हामी संविधानको सर्व स्वीकार्यता बढाउँदै कार्यान्वयनको चरणमा छौं। यो काम जटिल र चुनौती पूर्ण रहेता पनि यसलाई नयाँ नेपाल निर्माणको ऐतिहासिक अवसरको रुपमा लिएर अगाडि बढ्नुको विकल्प छैन। आज देश विकासको गतिमा अग्रसर भइरहेको अवस्था छ र हाम्रो चिशंखुगढी गाउँपालिका समेत विकास पथमा लम्कि रहेकोछ।

२. आज म चिशंखुगढी गाउँपालिकाको यस गरिमामय सभामा आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट पेश गर्न उपस्थित छु। यस गौरव पूर्ण अवसरमा जनआन्दोलन लगायतका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, घाइते र बेपत्ता नागरिकहरू प्रति सम्मान प्रकट गर्दछु। राजनीतिक एवं सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने सबै अग्रजहरू प्रति आदर भाव प्रकट गर्दछु।

३. राजनैतिक क्षेत्रमा हामीले ऐतिहासिक फड्को मारेका छौं। संविधान घोषणा भई कार्यान्वयनमा आएपछि लामो समयको संक्रमणकालको अन्त्य भई मुलुक राजनीतिक स्थिरतातर्फ उन्मुख भएको छ। स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफैं संलग्न हुने वातावरण बनेको छ। यो समयलाई आर्थिक सामाजिक रूपान्तरणको अवसरको रुपमा उपयोग गरी जन चाहना पूरा गर्ने अबको हाम्रो बाटो भनेको तीव्र आर्थिक वृद्धि र विकास नै हो।

४. वि.सं. २०८० जेठ १५ गतेका दिन संघीय सरकारका अर्थमन्त्रीबाट आ.व. २०८०/०८१ को वार्षिक बजेट प्रस्तुत भई ७५३ वटै स्थानीय तहहरूलाई विभिन्न अनुदान विनियोजन गरी वित्तीय हस्तान्तरण गर्ने कार्य भएको छ। साथै प्रदेश सरकारबाट २०८० साल असार १ गते अध्यादेश मार्फत बजेट प्राप्त भएको छ। संविधान बमोजिम स्थानीय विकास निर्माणका काम तत् तत् स्थानीय तहले नै छनौट गर्ने तथा कार्यान्वयन गर्ने भएकोले स्थानीय तहलाई अधिकार सम्पन्न बनाइएको छ।

निशान्त शर्मा
अध्यक्ष

५. यस गाउँपालिकाको प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मूलतः नेपालको संविधानमा उल्लिखित एकल र साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्यप्रणाली, मौलिक हकहरू, आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरू, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरू, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा आर्थिक ऐन, नियमावलीका प्रावधानहरू, चिशंखुगढी गाउँपालिकाको विकास प्रतिको दीर्घकालीन सोच, आवधिक विकास योजनाको प्रतिवेदन, विकासका समसामयिक मुद्दाहरू, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्य निकायबाट प्राप्त मार्गदर्शन, सहभागिता मूलक योजना तर्जुमा अनुरूप बस्ती/टोल स्तरबाट छनौट गरिएका आयोजना/कार्यक्रम, वडा स्तरीय आयोजना/कार्यक्रमको प्राथमिकीकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरूको प्रतिवेदन समेतको आधार मानी तयार गरिएको छ।

६. राजनीतिक स्थायित्व भई देश विकासको गतिमा द्रुत रुपमा अगाडी लम्की रहेको र हाम्रो चिशंखुगढी गाउँपालिका समेत विकासको गतिमा अगाडी बढिरहेकोले यस गाउँपालिका र गाउँपालिका वासी जनमानसले अग्रगामी विकासको अनुभूति गर्ने अपेक्षा लिन सकिन्छ। प्राकृतिक सौन्दर्यता, सांस्कृतिक विविधता, मेहनती र परिश्रमी जनता, भौगोलिक विशिष्टता र सौन्दर्यता यस गाउँपालिका तथा समग्र ओखलढुंगाकै सम्पत्तिको रुपमा रहेको छ। कृषि, औषधी जन्य जडीबुटीहरू, पर्यटन, जलविद्युत आदि जस्ता विषयमा प्रचुर सम्भावना बोकेको चिशंखुगढी गाउँपालिका दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक, सांस्कृतिक र आर्थिक विकासमा अगाडी बढ्न सकिरहेको छैन। यद्यपी उपलब्ध स्रोत साधन र समयको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोच, दृढ संकल्प र सामूहिक इच्छा शक्तिका साथ यस गाउँपालिकाको नयाँ भविष्य कोर्ने जिम्मेवारी हामिमा आएको छ। त्यसैले विकसित र समृद्ध चिशंखुगढी गाउँपालिका निर्माण गर्न हामीलाई कुनै बहानाले छेक्नु हुँदैन र चुक्नु पनि हुँदैन। यस गाउँपालिकाको आर्थिक, सामाजिक तथा राजनैतिक विकास गरी स्थानीय जनतालाई विकासको अनुभूति दिलाउनु, यस गाउँपालिकालाई राष्ट्रिय राजमार्गमा जोड्नु, राज्यबाट प्रवाह हुने सेवा सुविधालाई जनताको घर दैलोमा पुर्याई जनतालाई राज्यको अनुभूति दिलाउनु मुख्य चुनौतीको रुपमा रहेको छ। यसैगरी यस गाउँपालिकाको आन्तरिक उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नु, औपचारिक अर्थतन्त्रको विकास गर्नु, संघीयता कार्यान्वयन गर्दै शासकीय क्षमता अभिवृद्धि गर्नु पनि चुनौतीको रुपमा रहेको छ।

७. हाम्रा सामु विभिन्न चुनौतीहरू रहेको भएता पनि विद्यमान अवसरहरूको सदुपयोग र चुनौतीहरूको सामना गर्ने गरी आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट तयार गरेको छु। यस बजेटका उद्देश्यहरू यस प्रकार प्रस्तुत गरेको छु:

निशान्त शर्मा
अध्यक्ष

निशान्त शर्मा
अध्यक्ष

- संविधान कार्यान्वयनमा सहयोग गर्ने,
- आर्थिक, सामाजिक तथा राजनैतिक विकास गर्ने,
- विकासका पूर्वाधारहरुको विकास गर्ने,
- फोहोरमैला ब्यवस्थापन तथा वातावरण संरक्षण गर्ने,
- दिगो शान्ति, सुशासन, समावेशी विकास र समृद्धि हासिल गर्ने,
- राज्य तथा गाउँपालिकाद्वारा प्रदान गरिने सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्ने,
- सामाजिक न्याय र समावेशीकरणको लक्ष्य हासिल गर्ने ।

८. यी उदेश्यहरू हासिल गर्नका लागि आगामी आर्थिक वर्षको बजेटका प्राथमिकताहरू देहायबमोजिम निर्धारण गरिएको छ :संघीयता कार्यान्वयन,

- दिगो पूर्वाधारको विकास,
- सामाजिक तथा आर्थिक विकास,
- कृषिको आधुनिकीकरण र व्यवसायीकरण,
- रोजगारीका अवसरहरूमा वृद्धि,
- सहभागितामूलक योजना तर्जुमा,
- शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइमा लगानी,
- सडक तथा पुल निर्माण,
- पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन,
- वित्तीय संस्थाहरूको स्थापना र व्यवस्थित सञ्चालन,
- वन, वातावरण तथा जलाधार संरक्षण,
- अत्यावश्यक उपभोग्य वस्तुहरूको सुदृढ आपूर्ति र वितरण प्रणाली,
- सार्वजनिक प्रशासन र सेवा प्रवाहमा सुधार ।

**सभाध्यक्ष ज्यू,**

९. अब म यीनै चुनौती, उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु । अनुमानित आय तर्फ संघबाट प्राप्त हुने वित्तीय समानीकरण तर्फको अनुदान रकम रू. ७ करोड ७७ लाख, प्रदेशबाट वित्तीय समानीकरण तर्फको अनुदान रू. ४५ लाख ५० हजार, संघबाट प्राप्त हुने राजस्व बाँडफाँट रू. ७ करोड २४ लाख ६७ हजार १ सय, प्रदेश सरकार बाट प्राप्त हुने राजश्व बाँडफाँड रू. २२ लाख ३४ हजार , संघीय सरकारबाट प्राप्त हुने सर्शत

निशान्त शर्मा
अध्यक्ष

अनुदान रू. २२ करोड ९४ लाख, प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान रू. ८२ लाख १२ हजार, संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान रू. १ करोड , संघीय सरकारबाट प्राप्त हुने समपूरक अनुदान ८० लाख, प्रदेश सरकारबाट प्राप्त हुने समपूरक अनुदान रू.९७ लाख ५० हजार र आन्तरिक आम्दानीको अनुमानित प्रक्षेपण रू ३२ लाख गरी कुल जम्मा बजेट रू. ४२ करोड ५५ लाख १३ हजार १ सय हुने अनुमान गरेको छु । सामाजिक सुरक्षा कार्यक्रम, आ.व. २०८०/०८१ मा बचत हुने बजेट र अन्य निकायबाट प्राप्त हुने अनुदान यो बजेटमा समावेश गरिएको छैन ।

**सभाध्यक्ष ज्यू,**

आ.व. २०८०।०८१ को अनुमानित व्यय तर्फ कुल विनियोजन मध्ये चालूतर्फ रू. २९ करोड ३४ लाख १ हजार १ सय र पुँजीगत तर्फ रू. १३ करोड २१ लाख १२ हजार गरी जम्मा बजेट रू रू.४२ करोड ५५ लाख १३ हजार १ सय विनियोजन गरेको छु । जसमध्ये चालू खर्च तर्फ कुल बजेटको ६८.९५ प्रतिशत र पुँजीगत खर्च तर्फ ३१.०५ प्रतिशत रहेको छ । नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानको रकम रू. २२ करोड ९४ लाख निर्देशित योजना तथा कार्यक्रमहरूमा नै विनियोजन भएको छ । गाँउपालिका तथा वडाहरूका सम्पूर्ण चालु खर्च, लक्षित कार्यक्रम, शिक्षा, स्वास्थ्य तथा अन्य विषयगत शाखाको कार्यक्रम, अन्य विभिन्न कार्यक्रमहरू, स्वयंसेविका प्रोत्साहन, प्रकोप तथा आकस्मिक सहायता, न्यायिक समिति कार्यक्रम संचालन सहित विविध योजना तथा कार्यक्रमहरू समेत समावेश गरिएकोले चालु खर्चको अंश बढी देखिन गएको हो।

**सभाध्यक्ष ज्यू,**

१०. चिशंखुगढी गाउँपालिकाको आवधिक विकास योजनाको प्रतिवेदनलाई मूल आधार बनाई कुल विनियोजित बजेट मध्ये चालु खर्चबाट व्यहोर्ने गरी वडा कार्यालयहरूको लागि प्रत्येक वडामा वार्षिक रू. ७ लाख ८ हजारका दरले रू.५६ लाख ६४ हजार विनियोजन गरेको छु । पुँजीगत तर्फ आ.व. २०७९।०८० को कूल अनुमानित भुक्तानी गर्न बाँकी रहने दायित्व रु. ६६ लाख हुने अनुमान रहेको छ । वडा नम्बर ५ को प्रशासनिक कामकारबाहीलाई व्यवस्थित रुपमा संचालन गर्नका लागि एवं वडा कार्यालयको भौतिक पक्षलाई सुदृढीकरण गर्दै अगाडि बढ्न वडा नम्बर ५ को वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न गर्नको लागि रु. १० लाख, कालिमाटी मझुवा ठोट्नेखोला सडक स्तरउन्नतिको लागि रु. १ करोड ९५ लाख, कुइभीर नेचा सडक स्तरोन्नतिको लागि रु. १ करोड ६० लाख, गाउँपालिका अन्तर्गतका क्षेत्रीय सडक मर्मत सम्हारको लागि रु. १५ लाख बजेट विनियोजन गरेको छु । महिला दलित तथा अपांग लगायतका लक्षित समुदायको क्षमता विकास गर्न रु. २८ लाख ५० हजार बजेटको व्यवस्था मिलाएको छु । जसमध्ये लैंगिक हिंसा निवारणकोष स्थापना गर्न रु. १ लाख, लैंगिक हिंसा निवारण सम्बन्धी कार्यक्रम संचालन गर्न रु. २ लाख, महिला सक्षमता तथा नेतृत्व विकास कार्यक्रमको लागि रु. ३ लाख, दलित तथा गैरदलित वीचको अन्तर्जातिय विवाहलाई प्रोत्साहन

निशान्त शर्मा
अध्यक्ष

कार्यक्रममा रु. ३ लाख, सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रमको लागि रु १ लाख, दलित समुदायको क्षमता विकास कार्यक्रमको लागि रु. २ लाख, अपांगमैत्री कार्यक्रम संचालन गर्न रु. ४ लाख, महिला तथा लक्षित समुहसँग सम्बन्धित दिवश तथा समारोह आयोजना गर्न रु. २ लाख बजेट विनियोजन गरेको छु। विभिन्न जातिहरुको धर्मसँस्कृति संरक्षण तथा प्रबर्धन गर्न रु. ३ लाख बजेट विनियोजन गरेको छु। विभिन्न कारणले पछाडि परेका एवं पारिएका वर्गको उत्थानको लागि गरिब तथा सिमान्तकृत नागरिकहरूलाई लक्षित गरी सुरक्षित नागरिक आवास कार्यक्रम सम्पन्न गर्नको लागि रु. ७ लाख विनियोजन गरेको छु। गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यको थालनी गर्न रु. १० लाख ५० हजार रकम विनियोजन गरेको छु। विद्युतीय सुशासन प्रणाली मजबुत बनाउनको लागि उपकरण तथा सफ्टवेयर व्यवस्थापन गर्न रु. १० लाख विनियोजन गरेको छु। त्यस्तै गरी आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको कृषि तथा पशु सेवा विकास कार्यक्रमका लागि रु. ४३ लाख विनियोजन गरेको छु। यसमा आकस्मिक रोग तथा किरा नियन्त्रण कार्यक्रमको लागि रु. ४ लाख, बजार व्यवस्थापन तथा उपभोक्ता हित प्रबर्द्धनको लागि रु. २ लाख ५० हजार, मौरीको घार निर्माण सम्बन्धी युवा लक्षित तालिम कार्यक्रममा रु. ५ लाख, प्राङ्गारिक तथा गड्यौला मल उत्पादन कार्यक्रमको लागि रु. १ लाख, माटो सुधार कार्यक्रमको लागि रु. २ लाख, फलफुल उत्पादन तथा प्रबर्द्धन कार्यक्रममा रु. ३ लाख र मसलाजन्य खाद्यान्न उत्पादन प्रबर्द्धन कार्यक्रमको लागि रु. ३ लाख विनियोजन गरेको छु। यसैगरी पशुपंक्षि खोप व्यवस्थापन तथा महामारी रोग नियन्त्रणको लागि रु २ लाख, माछा उत्पादनको लागि भुर्रा वित्तरण कार्यक्रमको लागि रु. १ लाख तथा पशुपंक्षि सम्बन्धी औषधोपचारको लागि औषधि व्यवस्थापन गर्न रु. १२ लाख बजेटको व्यवस्था मिलाएको छु। त्यस्तै आन्तरिक पर्यटन प्रबर्द्धन गर्न तथा संचार क्षेत्रको लागि आवश्यक वजेटको व्यवस्था मिलाएको छु। नेपालको संविधानको धारा ३५ मा उल्लिखित नागरिकको स्वास्थ्य सम्बन्धीको मौलिक हकको प्रत्याभूति गराई आम नागरिकको स्वास्थ्य संवेदनशीलतालाई ध्यानमा राखि स्वास्थ्य क्षेत्रमा रु. १८ लाख बजेट विनियोजन गरेको छु। महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा वर्थिङ सेन्टरमा कार्यरत सफाइ कर्मचारीहरुलाई स्वास्थ्य विमा कार्यक्रम र महिला स्वास्थ्य स्वयम् सेविका प्रोत्साहन भत्ताका लागि रू. १५ लाख बजेट विनियोजन गरेको छु। आङ खसेका र अनिवार्य सल्यक्रीया गर्नुपर्ने विपन्न महिलाहरुको लागि यातायात खर्च, पोषण प्रबर्द्धन कार्यक्रम र मानशिक स्वास्थ्य सचेतना तथा परामर्श कार्यक्रम संचालन गर्न आवश्यक बजेटको ब्यवस्था मिलाएको छु। त्यस्तै गरी साना सिंचाई कार्यक्रममा विकास साझेदार संस्था र हाम्रो गाउँपालिका बीचमा भएको सम्झौता बमोजिम गाउँपालिकाले बेहोर्ने लागत साझेदारीका लागि रु. ३५ लाख बजेट विनियोजन गरेको छु। नागरिकले सर्व सुलभ रुपमा निःशुल्क औषधीको उपभोग गर्न पाउनु पर्ने कुरालाई मध्यनजर गर्दै औषधी खरिदको लागि १२ लाख बजेट विनियोजन गरेको छु। गाउँपालिकाको ५ शैयाको अस्पताल सुचारु गर्न जनशक्ति व्यवस्थापन तथा परिचालनको लागि रु. २४ लाख विनियोजन गरेकोछु। त्यसै गरी साझेदारी योजनाहरू तथा संघीय सरकार र प्रदेश सरकार सँग माग

निशान्त शर्मा
अध्यक्ष

गर्नु पर्ने योजनाको विस्तृत परियोजना प्रतिवेदन परामर्श सेवाका लागि आवश्यक बजेट विनियोजन गरेको छ । खानेपानी पुनर्स्थापना कार्यक्रमको लागि रू.१० लाख सहित विभिन्न योजना तथा कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु । साथै ८ वटा वडाहरूमा विकास खर्चको कूल सिमा रू.१ करोड ७२ लाख हुने व्यवस्था मिलाएको छु । संस्थागत विकास तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने हेतुले जनप्रतिनिधि तथा कर्मचारी तालिम शीर्षकमा रु. १० लाख विनियोजन गरेको छु । ८ वटै वडा कार्यालय र स्वास्थ्य चौकीमा कर्मचारीहरुको नियमिततालाई व्यवस्थापन गर्न इ हाजिरी प्रणाली प्रबन्ध गर्न रु. ३ लाख छुट्याएको छु । युवा तथा खेलकुदमा रु. १४ लाख ५० हजार विनियोजन गरेको छु । जसमा युवामैत्री खेलकुद कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न रु. ८ लाख, खेलकुद प्रबर्द्धनका लागि २ लाख ५० हजार र राष्ट्रपति रनिङसिल्ड प्रतियोगिता संचालन गर्न रु. ४ लाख विनियोजन गरेको छु । शिक्षा क्षेत्रलाई सुधार गर्न तथा शैक्षिक विकास तथा उन्नयनका लागि प्राथमिकताका साथ शिक्षा क्षेत्रमा रु. ७० लाख बजेट विनियोजन गरेको छु । जसमा बालविकास सहयोगी कार्यकर्ताहरुलाई प्रोत्साहन स्वरुप थप पारिश्रमिक रु. १४ लाख, विपन्न लक्षित छात्रवृत्ती तथा बुहारी छात्रवृत्ती कार्यक्रम को लागि रु. ४ लाख, समुदायिक विद्यालयका विद्यार्थीहरुका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न रु. ५ लाख, शैक्षिक पात्रो तथा डायरी व्यवस्थापन गर्न रु ६ लाख, शिक्षक क्षमता विकास तालिम संचालन गर्न रु. १५ लाख, शिक्षकहरुलाई ICT सम्बन्धी तालिम संचालन गर्न रु. ९ लाख बजेट विनियोजन गरेको छु । साथै एसइइमा उत्कृष्ट हुने छात्र छात्रा र दलित तथा अल्पसंख्यक समुदायका विद्यार्थीहरुलाई पुरस्कार तथा सम्मान गर्न तथा गाउँपालिका भित्रका सामुदायिक विद्यालयका उत्कृष्ट शिक्षक छनोट गरी पुरस्कार तथा सम्मान गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु । सशर्त अनुदानबाट लघु उद्यम विकास कार्यक्रम अन्तर्गत रू.१८ लाख ४० हजार, अर्गेली खोला, वेलवोटे, दुधकोशी नदी, ठोट्ने खोला झोलुङ्गे पुल क्रमागत रुपमा निर्माणको लागि यो वर्ष रू. २१ लाख, रोजगारीको हकलाई ध्यानमा राखि १०० दिनको रोजगारी सुनिश्चित गर्नका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रु. ५९ लाख ८३ हजार, साना सिँचाई कार्यक्रम तर्फ रु. १ करोड २१ लाख ६२ हजार तथा भदौरे खेलमैदान व्यवस्थापन गर्न रु.१० लाख निर्देशित योजना तथा कार्यक्रम मानै खर्च हुने गरी विनियोजन भएको छ । अघिल्लो आ व मा संचालन हुन नसकेको निजामती सेवामा यस पालिकाबाट थप प्रतिनिधित्व होस् भन्ने हेतुले लोकसेवा पूर्व तयारी कक्षा संचालनको लागि रु. ७ लाख बजेट विनियोजन गरेको छु । त्यसैगरी भूक्षय नियन्त्रण गर्न ९ लाख, राहत उद्धार र पुन स्थापना कार्यक्रम संचालन गर्न रु. १५ लाख, विपद् व्यवस्थापन गर्न रु. १२ लाख ५० हजार बजेटको व्यवस्था मिलाएको छु । यसरी आगामी आ.व. २०८०/८१ मा स्रोत सुनिश्चितता सहित विकास बजेटलाई जोड दिइएको छ ।

निशान्त शर्मा
अध्यक्ष

निशान्त शर्मा
अध्यक्ष

**सभाध्यक्ष ज्यू,**

आ.व. २०८०।८१ मा कार्यान्वयन गरिने संघीय तथा प्रदेश सरकारको समानीकरण अनुदान तथा गाउँपालिकाको आन्तरिक श्रोतबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरू सहित विषय क्षेत्रगत बजेट अन्तर्गत पूर्वाधार विकासमा रु. ४ करोड ३५ लाख २५ हजार, सामाजिक विकासमा रु. १ करोड ७८ लाख ६६ हजार, आर्थिक विकासमा रु. ९५ लाख १३ हजार, वातावरण तथा विपद् व्यवस्थापनमा रु. ५९ लाख ०२ हजार र संस्थागत विकास तथा सेवा प्रवाहमा रु. ८६ लाख ४४ हजार गरी कुल रु. ८ करोड ५४ लाख ५० हजार विनियोजन गरेको छु।

११. आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण तर्फको अनुदान रकम रू.७ करोड ७७ लाख, प्रदेश सरकार बाट प्राप्त हुने वित्तीय समानीकरण तर्फको अनुदान रू.४५ लाख ५० हजार, संघीय सरकारबाट प्राप्त हुने राजस्व वाँडफाड रू.७ करोड २४ लाख ६७ हजार १ सय, प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड रू.२२ लाख ३४ हजार, प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान रु. ८२ लाख १२ हजार, संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान रू. २२ करोड ९४ लाख, संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान रु. १ करोड, संघीय सरकारबाट प्राप्त हुने समपूरक अनुदान रु ८० लाख, प्रदेश सरकारबाट प्राप्त हुने समपूरक अनुदान रु. ९७ लाख ५० हजार तथा आन्तरिक आम्दानी रु. ३२ लाख मध्येबाट व्यहोरिने छ । साथै आगामी आ.व.२०८०।०८१ मा आय स्रोतको प्रकृति एवं स्रोत अनुमान सुनिश्चित भएका आम्दानी बमोजिमको व्यय अनुमान गरिएकोले बजेटलाई बढी महत्वकांक्षी नबनाई परिणाममुखी ठोस योजना तथा कार्यक्रम सञ्चालन गर्ने तथा गाउँपालिकाको आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रमले तोकेका विषयहरूलाई सम्बोधन गर्ने तथा आय र व्यय बराबर हुने गरी सन्तुलित बजेट ल्याएको छु।

**सभाध्यक्षज्यू,**

१२. पहाडी विकट जिल्लामा रही अति दुर्गमताको दृष्टिकोणले (क) वर्गमा पर्ने यस चिशंखुगढी गाउँपालिकामा आर्थिक गतिविधि ले अपेक्षित गति लिन नसकेको र जनतामा कर तिर्ने बानीको विकास भैनसकेको अवस्थामा जनतामा कर तिर्ने बानीको विकास गराई आगामी आ.व. मा रू. ३२ लाख कर राजस्व आर्जन गर्ने लक्ष्य रहेको छ । यसको लागि यस क्षेत्रमा उपलब्ध स्थानीय श्रोत साधनको अधिकतम परिचालन गरी आर्थिक तथा व्यापारिक गतिविधिमा वृद्धि गरिनेछ, करदाता तथा आम नागरिकका लागि सूचना मूलक एवं सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ, राजस्व प्रणालीलाई प्रविधि मैत्री बनाइ राजस्व चुहावटलाई नियन्त्रण गरिनेछ।

निशान्त शर्मा
अध्यक्ष

१३. प्रस्तुत बजेट तर्जुमामा सहयोग गर्नुहुने अध्यक्षज्यू, संविधानसभा सदस्यज्यूहरु, वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यहरू तथा वडा समितिहरू, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राष्ट्रसेवक कर्मचारीहरू, राजनैतिक दलका साथीहरू, नागरिक समाज, बुद्धिजीवी, पत्रकार, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरू लगायत सम्पूर्ण चिशंखुगढी गाउँपालिका निवासी जनता साथै देश विदेशमा रहनु भएका नेपाली दिदी बहिनी, दाजुभाइहरू सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

१४. अन्त्यमा, यस चिशंखुगढी गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउने चिशंखुगढी गाउँपालिकाका नागरिक, करदाता, चिशंखुगढी गाउँपालिकाको हित र समुन्नतिमा कार्यरत सबै विकास साझेदार, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरू र सञ्चार माध्यम प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

१५. बजेटले समेट्नुपर्ने विषय क्षेत्रहरू अनेकन् छन्, सबै समस्याहरूको एकसाथ सम्बोधन सम्भव छैन र हुँदैन पनि । समस्या तथा मागहरूको प्राथमिकताको आधारमा क्रमशः सम्बोधन गर्नुको विकल्प छैन । वर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतीहरूको सामना गर्न हामी सबै कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध बनौं । चिशंखुगढी गाउँपालिकाको समृद्धि र विकासका लागि सकारात्मक सोचका साथ आशावादी बनौं ।

**धन्यवाद ।**

**सन्तोष बाबु थापा**
**उपाध्यक्ष**
**चिशंखुगढी गाउँपालिका**

निशान्त शर्मा
अध्यक्ष